# युनियन फाइनान्स लिमिटेड, नक्साल, काठमाण्डौंलाई शीघ्र सुधारात्मक कारवाही गरिएको सम्बन्धी सूचना

युनियन फाइनान्स लिमिटेड, नक्साल, काठमाण्डौंको २०७१ पुस मसान्तको अपरिष्कृत वित्तीय विवरणहरूको आधारमा समष्टिगत स्थलगत निरीक्षण गर्दा सुपरिवेक्षकीय समायोजन पश्चात पुँजीकोष अनुपात ७.३१ प्रतिशत मात्र रहेको सम्बन्धमा मिति २०७२/०३/११ मा संस्थालाई स्पष्टिकरण सोधिएकोमा संस्थाको मिति २०७२/०३/२४ को स्पष्टिकरणका आधारमा केही कर्जाको नोक्सानी व्यवस्थामा समायोजन गर्दा २०७१ पुस मसान्तमा संस्थाको पुँजीकोष ८.५६ प्रतिशत मात्र कायम भई यस बैंकले तोकेको न्यूनतम पुँजीकोष अनुपात ११ प्रतिशतभन्दा २ देखि ४ प्रतिशत सम्मको विन्दुले कम भएकोले संस्थालाई बैंक तथा वित्तीय संस्थाको शिघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ख) बमोजिमको कारवाही गरी देहाय बमोजिमको निर्देशन दिइएको छ ।

क. सुधार कार्यक्रमहरु सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको उच्च व्यवस्थापनसँग छलफल गरी छलफलका विषयबस्तुलाई अभिलेखको रुपमा राख्न ।

ख. बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि (रि-क्यापिटलाइजेशन) गर्न पुँजी योजना पेश गर्न ।

ग. लाभांश तथा बोनस शेयर घोषणा नगर्न ।

घ. नयाँ शाखा नखोल्न ।

ङ. मिति २०७२/०४/१५ मा कायम रहेको कुल निक्षेपको सीमाभित्र रही निक्षेप परिचालन गर्न ।

च. मिति २०७२/०४/१५ मा कायम रहेको कुल कर्जा सीमाभित्र रही कर्जा कारोवार गर्न ।

छ. खरिद वा लिज प्रक्रिया मार्फत थप स्थिर सम्पत्ति प्राप्त गर्नु पूर्व यस बैंकको स्वीकृति लिन ।

ज. निक्षेप परिचालन र कर्जा तथा सुविधा प्रवाहसँग सम्बन्धित नयाँ व्यवसायिक क्रियाकलाप (बिजनेशलाइन) संचालन गर्नुपूर्व यस बैंकको स्वीकृति लिन ।

मिति : २०७२/०४/१३